कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाई

## मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना पेश गर्ने समयमावधी थप गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना

कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना तथा आयआर्जनका क्रियाकलाप सञ्चालन गरी सामूदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा सघाउ पुऱ्याउने उद्धेश्यले कर्णाली प्रदेशका नगरपालिका र गाउँपालिकाको प्रत्येक वडाका इच्छुक उपभोक्ता समूहबाट आयोजना माग गर्न सूचना प्रकाशन भएकोमा आयोजना पेश गर्ने मिति **२०७८/०५/२९** गते सम्म थप गरिएको ब्यहोरा अनुरोध छ।

**आयोजना माग गर्दा अपनाउनु पर्ने प्रकिया:**

(क) मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को अनुसूची-२ बमोजिमको ढाँचामा cmep.karnali.gov.np वेवसाइट मार्फत आयोजना माग गर्नु पर्नेछ। तर, इन्टरनेट सुविधा नभएको वा इन्टरनेट पहुँच कम भएको स्थानको हकमा अनुसूचि-२ अनुसारको फाराम भरी सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा पेश गर्न सकिनेछ।

(ख) आयोजना माग गर्दा कम्तीमा एकाघर बाहेकका सात जना उपभोक्ताको समूह बनाई माग गर्नु पर्नेछ। एक समूहमा आवद्ध भएको व्यक्तिले अर्को समूहमा आवद्ध भई आयोजना माग गर्न पाउने छैन।

(ग) आयोजना मिति २०७८।०५।२९ गते अपरान्ह पाँच बजेभित्र माग गरिसक्नु पर्नेछ। म्याद नाघी आएका माग उपर कुनै कारबाही हुने छैन।